# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन ११ गते २०३३ साल

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कन्काई सिंचाइ योजनाको लागि मेची अञ्चल, झापा जिल्ला, शिव–गञ्ज पञ्चायत अन्तर्गत वडा नं. ७ (च) को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व खोला, पश्चिम, उत्तर, दक्षिण जंगल यति चारकिल्लाभित्रको कि. नं. ४५४ को जग्गाबाट ०–२–४–२ (दुई कट्ठा चार धुर दुई कनुवा)को मालपोत रू. ३।८९ (तीन रूपैयाँ उनान्नब्बे पैसा) लागेको कित्ता।

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

६४१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

~~५८८~~ ६४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।